**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ६, संख्याः ४, आषाढ ३१ गते, २०७९ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगरपालिका फोहर मैला व्यवस्थापन सम्बन्धी ऐन (दोस्रो संशोधन), २०७९

सभाबाट स्वीकृत मितिः २०७९।३।२४

व्यास नगरपालिका फोहर मैला व्यवस्थापन सम्बन्धी ऐन २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (२) (झ) र (ञ) बमोजिम नगर सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. **ऐनको दफा २.२ निषेधित क्षेत्रभित्र** "फोहर मैला व्यवस्थापन ऐन" विपरीतका निम्नानुसारका गतिविधिहरु भए गरेमा यसै ऐनले निर्दिष्ट गरे अनुसार कारवाही गरिने छः
   (क) घर, कम्पाउण्डको फोहोर सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने र थुपार्ने विरुद्ध,
   (ख) हानिकारक फोहोर भनी तोकिएका फोहोरहरु अन्य कुनै साधारण फोहोरमा मिसावट गर्न नपाइने,
   (ग) आफ्नो घरको ढल, लिचड अन्य व्यक्तिको घर वा जग्गामा प्रदुषण गर्ने,
   (घ) फोहर मैला सङ्कलन गर्ने सवारी साधनलाई अवरोध हुने गरी कुनै सवारी साधन राखेमा वा हटाउन इन्कार गरेमा,
   (ङ) फोहर मैला सङ्कलन, ढुवानी तथा फोहर मैला व्यवस्थापन गर्ने कार्यमा बाधा अवरोध सृजना गरेमा वा हड्ताल गरेमा,
   (च) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्रतिबन्ध लगाइएको फोहर मैला र अत्यधिक उत्पादन गर्ने वस्तु भनी तोकिएकोमा,

(छ) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही स्वयं व्यक्तिले जिम्मा लिई नष्ट नगरेमा,

(ज) औषधीजन्य फोहर मैला तथा औजारलाई मापदण्डमा तोके बमोजिम नष्ट गर्ने र साधारण फोहोरमा मिसावट गर्न नपाइने,

(झ) आ-आफ्नो घर आँगन वा पसलकवल अगाडि राखिएको, थुपारिएको वा जम्मा गरिएको फोहोर सोही घरधनी वा पसल कवलवालाले जिम्मा लिनुपर्ने । साथै दुई घरको मध्ये भाग वा दुई व्यवसायीको कवलको मध्ये भागमा फोहर मैला खुला रूपमा फालेको अवस्थामा फोहोर फाल्ने व्यक्तिको पहिचान गर्ने जिम्मेवारी दुवै घरधनी तथा व्यवसायीको नै हुनेछ । अन्यथा सोको पूर्ण दायित्व दामासाहीले दुवै पक्षले लिनु पर्नेछ,

(ञ) नगरपालिका क्षेत्रभित्र रहेका राजमार्ग, सहायक राजमार्ग र अन्य मार्गहरुमा चल्ने सवारी साधन वा सवारी साधनमा यात्रा गर्ने यात्रुहरुबाट फोहोर निष्काशन भएमा वा सडकमा फालेको पाइएमा,

(ट) नगरपालिकाले पैदल यात्रीको लागि तोकिएको स्थान/डस्विनमा फोहोर नफाली अन्यत्र सडक किनारा वा सार्वजनिक स्थानमा फोहर मैला फालेमा,

(ठ) घरधनीले आफूले पालेको घरपालुवा चौपाया एवं पशु पंक्षीलाई सडक वा सार्वजनिक स्थानमा खुल्ला रूपमा दिसा पिसाब गराएमा,

(ड) सडक पेटीमा सामान फिजाउने वा बिक्रीका लागि सामान राखेमा वा स्वयं घरधनीले राखेमा,

(ढ) डोको, ठेला लगायतका साधनमा सामान राखी सार्वजनिक स्थल वा निषेधित स्थानमा बसी सामान बिक्री वितरण गरेमा,

(ण) माछा, मासु उत्पादन तथा बिक्री वितरण गर्दा उत्पादन हुने मासुजन्य फोहोरहरु (हाड, सिँङ, खुर र अन्य) सम्बन्धित व्यवसायीले यथा समयमा नै उचित व्यवस्थापन नगरेमा,

भन्ने प्रावधान रहेकोमा संशोधन गरी देहाय बमोजिमको व्यवस्था राखिएको छः **कसुरः** व्यास नगरपालिका भित्र कसैले देहायको काम गरेमा प्रचलित नेपाल कानुन र यस ऐन बमोजिम कसुर गरेको मानिने छः

(क) नगरपालिका वा सम्बन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहर मैला निष्काशन गर्ने ।

(ख) कण्टेनर वा फोहोर मैला सङ्कलन केन्द्रमा राखिएको फोहर मैला अनधिकृत तवरले प्रयोग गर्ने ।

(ग) फोहर मैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने ।

(घ) प्रचलित नेपाल कानून बमोजिम अनुमति नलिई फोहर मैला व्यस्थापनको कार्य गर्ने ।

(ङ) प्रचलित नेपाल कानुन बमोजिम फोहर मैला व्यवस्थापनको लागी प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने ।

(च) फोहर मैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहोर मैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने ।

(छ) घर, कम्पाउण्ड तथा परिशरको फोहोर मैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने फाल्ने, वा थुपार्ने ।

(ज) फोहोरबाट निस्केको दुषित पानी (लिचड) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषण गराउने ।

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहर मैला सङ्कलन गर्न नगरपालिका वा सम्बन्धित वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको साधन हटाउन इन्कार गर्ने ।

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य अन्य सार्वजनिक संस्थामा कुनै पनि किसिमको हानिकारक फोहर मैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने ।

(ट) रसायनिक फोहर मैला, ओद्योगिक फोहर मैला, स्वास्थ्य संस्थाजन्य फोहर मैला वा हानिकारक फोहर मैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने ।

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहर मैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहर मैला सङ्कलन, ढुवानी तथा फोहर मैला व्यवस्थापनमा बाधा अवरोध सिजना गर्ने ।

(ढ) फोहर मैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहर मैला व्यवस्थापन सम्बन्धी कार्यमा हड्‌ताल गर्ने ।

(ण) फोहर मैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकाले नेपाल रापत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने ।

(त) प्रचालित नेपाल कानून विपरित रसायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयवधि सकिएको औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगर्ने,

(थ) स्रोत मै फोहर मैलाको पृथकीकरण नगरी दफा ६ को विपरित फोहर मैला मिसाएर निष्काशन गर्ने ।

(द) मरेको वा मारेको. पशुपंक्षी र सोको लादी, प्वाँख, हड्‌डी तथा माछाको कत्ला आदि सार्वजानिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहोर फाल्ने ।

(न) चुरोट तथा सुर्तीजन्य (पान, पुकार, गुट्का आदि) जस्ता वस्तुको फोहोर जथाभावी फाल्ने ।

२. **ऐनको दफा २.३ जरिवानाः** नियम २.२ अनुसारको कसुर गर्ने व्यक्ति वा सङ्घ संस्थालाई निम्नानुसारको जरिवाना गरिने छः

(क) यो ऐन लागू भएपश्चात् कसुर गर्ने व्यक्ति वा सङ्घ संस्थालाई पहिलो पटक रु.५००। जरिवाना हुनेछ ।

(ख) सोही प्रकृतिको कसुर गर्ने व्यक्ति वा सङ्घ संस्थालाई दोस्रो पटक रु.१,०००। जरिवाना हुनेछ ।

(ग) सोही प्रकृतिको कसुर गर्ने व्यक्ति वा सङ्घ संस्थालाई तेस्रो वा सोभन्दा बढी पटक गरेमा रु.५,०००। प्रति पटक जरिवाना र फोहोर उठाउन लाग्ने खर्च समेत निजबाट असुल गरिने छ ।

२.३.१ कन्टेनर, सरसफाई सवारी साधन तोडफोड गर्नेलाई पहिलो पटक रु.५,०००। दोस्रो पटक रु.१०,०००। तेस्रो पटक वा सोभन्दा बढी रु.५०,०००। सम्म जरिवाना गरिने छ । साथै क्षतिको जिम्मा समेत सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

२.३.२ फोहर मैला सङ्कलन गर्ने स्थान, फोहर मैला ढुवानी मार्ग, फोहर मैला बिसर्जन स्थल आदिमा अवरोध उत्पन्न गरी हड्ताल गर्ने व्यक्ति वा सङ्घ संस्थालाई पहिलो पटक रु.३०,०००। सम्म जरिवाना गरिने छ र सोभन्दा बढी अवरोध गर्ने व्यक्ति वा संस्थालाई रु.५०,०००। सम्म जरिवाना गरिने छ ।

२.३.३ यस ऐन बमोजिम तोकिएको शुल्क, गरिएको जरिवाना तिर्न इन्कार गर्ने व्यक्ति वा सङ्घ संस्थालाई निजले प्रयोग गर्दै आएको खानेपानी, विद्युत लगायतका सुविधाहरु कट्टा गर्ने, नगरपालिका क्षेत्रभित्र सञ्चालित उद्योग व्यवसाय बन्द गर्ने साथै घरजग्गा बिक्री रोक्का समेत गरिने छ ।

भन्ने प्रावधान रहेकोमा संशोधन गरी देहाय बमोजिमको व्यवस्था राखिएको छः **सजायः**

(१) दफा २.२ को खण्ड (क) बमोजिमको कसुर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए तीन हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा तीन हजार रुपैयाँदेखि सात हजार रुपैयाँसम्म जरिवाना र फोहर मैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ ।

(२) दफा २.२ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच सय रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा २.२ को खण्ड (ग) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ ।

(४) दफा २.२ को खण्ड (घ) र (ङ) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउने छ ।

(५) दफा २.२ को खण्ड (च) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले वा सम्बन्धित वाडले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापत रकम कसुरदारबाट असुल उपर गर्न सक्नेछ ।

(६) दफा २.२ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरीवना गर्न सक्नेछ ।

(७) दफा २.२ को खण्ड (ञ) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(८) दफा २.२ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले दश हजार रुपैयाँदेखि एक लाख हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानुन बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा २.२ को खण्ड (ड) र (ढ) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सकिने छ ।

(१०) दफा २.२ को खण्ड (ण) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(११) दफा २.२ को खण्ड (थ), (ध) र (न) बमोजिमको कसुर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले प्रत्येक पटक एक सय रुपैयाँ जरिवना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा प्रत्येक पटक एक सय वृद्धि गरी जरीवना गर्न सक्नेछ ।

३. **ऐनको दफा ३.१ <u>सरसफाई अनुगमन तथा कार्यान्वयन समिति गठनः</u>** ३.१.१ यो ऐन प्रारम्भ भएको मितिदेखि ऐन कार्यान्वयन गर्ने गरी देहायको उच्चस्तरीय सरसफाई अनुगमन तथा कार्यान्वयन समितिमा देहायका पदाधिकारीहरु रहने छन् ।

(क) संयोजकः नगर प्रमुख

(ख) सदस्यः संयोजक वातावरण तथा विपद् व्यवस्थापन समिति

(ग) सदस्यः वडा नं १, २, ३, ४ र ५ बाट वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति १/१ जना

(घ) सदस्यः संयोजक अस्पताल तथा मेडिकलजन्य फोहर मैला व्यवस्थापन समिति

(ङ) सदस्य सचिवः व्यास नगरपालिका वातावरण सरसफाई शाखा प्रमुख

<u>भन्ने प्रावधान रहेकोमा संशोधन गरी देहाय बमोजिमको व्यवस्था राखिएको छः</u> **समितिको गठनः** (१) नगरको फोहर मैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले सञ्चालन गर्न नगरपालिकामा देहाय अनुसारको समिति गठन गरिने छः

| | |
|---|---|
| (क) प्रमुख | -अध्यक्ष |
| (ख) उपप्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) कार्यपालिका सदस्य मध्ये १ महिला सहित ३ जना | -सदस्य |
| (ङ) वन तथा वातावरण समिति संयोजक | -सदस्य |
| (च) नगरपालिका शहरी पूर्वाधार विकास शाखा प्रमुख | -सदस्य |
| (छ) स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि | -सदस्य |
| (ज) वातावरण संरक्षण तथा सरसफाईका क्षेत्रमा कार्यरत समितिले तोकेको गैर सरकारी संस्थाका प्रतिनिधि १ जना | -सदस्य |
| (झ) समितिले तोकेको फोहर मैला व्यवस्थापन गरिने (प्रभावित) क्षेत्रका बासिन्दा १ जना महिला सहित २ जना | -सदस्य |
| (ञ) वातावरण तथा सरसफाई शाखा प्रमुख | -सदस्य सचिव |

(२) समितिको बैठक सामान्यतः महिनामा एक पटक बस्ने । अध्यक्षको आदेशले सदस्य सचिवले बैठक बोलाउने छ । आवश्यकता महशुस भएमा व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिने छ ।

(३) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गुणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नु पर्नेछ ।

४. **ऐनको दफा ३.१.२ <u>काम, कर्तव्य र अधिकार</u>**

(क) यो ऐन कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय पत्रपत्रिका लगायत सञ्चार माध्यम र टोल विकास संस्थामा सूचना प्रवाह गर्ने र गर्न लगाउने ।

(ख) खुल्ला फोहर मैला निषेधित क्षेत्रको स्थलगत रूपमा गई फोहर मैला सम्बन्धी अनुगमन गर्ने र गर्न लगाउने र अनुगमनको बखत नियम विपरीत भएको पाइएमा तत्काल जरिवाना गर्ने र गर्न लगाउने ।

(ग) जरिवाना शुल्क बुझाउन इन्कार गरेमा सेवा शुल्क रोक्का गर्न नगरपालिकालाई तत्काल सिफारिस गर्ने ।

(घ) समय अनुकूल खुल्ला फोहर मैला निषेधित क्षेत्र निर्धारण गर्ने ।

(ङ) फोहर मैला पृथकीकरण/वर्गीकरण गर्न जनचेतना एवं सहजीकरण गर्ने ।

(च) फोहोर निष्काशन गर्ने समय र स्थान तोक्ने ।

(छ) फोहर मैला व्यवस्थापनका लागि अनुमति प्रदान गर्ने र अनुमति नलिई फोहर मैलाको बिक्री वितरण सङ्कलन तथा भण्डारण गर्नेलाई कारवाही गर्ने र गर्न लगाउने ।

(ज) यस ऐनमा उल्लेखित अन्य आवश्यक कुराहरुमा सुझाव एवं सल्लाह लिई भावी नीति तथा कार्यक्रमको प्रस्ताव तयार गरी नगरपालिकामा पेश गर्ने ।

(झ) सरसफाई शुल्क उठाउन तथा व्यवस्थापन गर्न एवं निजी क्षेत्रसँग समन्वय, सहभागिता एवं साझेदारी गरी फोहर मैलाको दीर्घकालीन व्यवस्थापन गर्ने तथा फोहर मैलाको व्यवस्थापन गर्ने कार्यमा नगरपालिकालाई सहयोग गर्ने ।

(ञ) दीर्घकालीन फोहर मैला व्यवस्थापनको लागि स्यानीटरी ल्याण्डफिल साइटको निर्माण र सञ्चालन एवं फोहोरमैलाको वर्गीकरण गर्दै Zero Waste Management को अवधारणा अनुसार अगाडि बढ्न नगरपालिकालाई सहयोग गर्ने ।

(ट) ऐन/कानूनको बर्खिलाप गर्ने र तोकिएको जरिवाना तिर्न इन्कार गर्ने व्यक्ति संस्था वा व्यवसायीलाई प्रहरी प्रशासनसँग समन्वय गरी हदैसम्मको कारवाही गर्न प्रक्रिया अगाडि बढाउने ।

भन्ने प्रावधान रहेकोमा संशोधन गरी देहाय बमोजिमको व्यवस्था राखिएको छः **समितिको काम, कर्तव्य र अधिकारः**

(क) फोहर मैला व्यवस्थापनका लागी आवधिक तथा वार्षिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूयाङ्कन र समिक्षा गर्ने ।

(ख) फोहर मैला व्यवस्थापन तथा पूर्ण सरसफाई कार्यका लागि अभियान र चेतानामूलक कार्यक्रम तर्जुमा गर्ने ।

(ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

(घ) नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाइयुक्त क्षेत्र बनाउन वडास्तर र नगरस्तरबाट आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।

(ङ) फोहोरलाई श्रोत मै वर्गीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने ।

(च) वर्गीकृत फोहोर मध्ये अर्ग्यानिक फोहोरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहोरबाट हस्तकला सामग्री तथा अन्य प्रकृतिका फोहोरलाई तीन आर (3R=Reduse, Resuse and Recycle) को अवधारण अनुसार व्यवस्थापन गर्ने ।

(छ) फोहोर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिलको अवधारण अनुसार कार्य गर्ने ।

(ज) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुदाँ भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा वैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको सम्भावनाको अध्ययन गर्ने ।

(झ) फोहोर व्यवस्थापनमा गैरसरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।

(ञ) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, श्रोतको व्यवस्थापन गर्ने ।

(ट) फोहर मैला व्यवस्थापनका लागी आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति व्यवस्था गर्ने ।

(ठ) फोहर मैला व्यवस्थापन तथा सरसफाईमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरवालोकन गर्न राजश्व परामर्श समितिलाई राय दिने ।

(ड) ल्याडफिल साइटलाई प्रदूषणशून्य बनाउने, त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ढ) जैविक फोहारबाट उर्जा, कम्पोष्ट बायोग्याँस एवं मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

(ण) फोहर मैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन, कानुन तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आवश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

(त) फोहर मैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत समितिको गठन गर्ने ।

(थ) फोहोर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

(द) फोहोरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारत्मक असर न्यूनीकरणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

(ध) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त वातावरणसँग संम्बन्धित अधिकारहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

(न) नेपाल सरकारको स्वीकृत लिई फोहर मैला व्यवस्थापन सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तराष्ट्रिया संघ, संस्थाहरुसँग समन्वय कायम गर्ने ।

(प) फोहर मैला व्यवस्थापन सम्बन्धी काम गर्ने जनशक्तिको व्यवस्थापन गर्न वडा तहसँग समन्वय गर्ने ।

५. ऐनको दफा **५.२ फोहर मैला निष्काशन गर्ने समय र स्थान**

(क) नगरपालिकाद्वारा फोहर मैला सङ्कलन गरी बिसर्जन गर्ने स्थानमा लानको लागि अनुसूची १ मा उल्लेखित समय तालिका र स्थान तोकिएको छ । श्रोत र साधनको उपलब्धता तथा जनशक्ति व्यवस्थापनको अवस्था र स्थानीय स्तरको माग र औचित्यलाई आधार मानी यो तालिका समय समयमा परिमार्जन गरिने छ ।

(ख) अनुसूची १ बमोजिम समय र स्थानमा फोरह उठाउने साधन नआएसम्म स्वयं घरधनी वा पसल कवल धनीले फोहोरको पृथकीकरण गरी घर भित्र वा सटर भित्र व्यवस्थापन गरी राख्नु पर्नेछ ।

(ग) अनुसूची १ मा उल्लेखित समय र स्थान तोकी फोहोर सङ्कलन गर्न आव्हान गरे तापनि कुनै कारणवस सरसफाई साधन बिग्रन गएमा, मर्मत गर्नुपर्ने भएमा सोको सूचना नगरपालिकाले गर्नु पर्नेछ । सो अवधिसम्म फोहोर व्यवस्थापन गर्ने दायित्व सम्बन्धित सरोकारवालाहरुको हुनेछ ।

भन्ने प्रावधान रहेकोमा संशोधन गरी देहाय बमोजिमको व्यवस्था राखिएको छः

**फोहर मैला निष्काशन गर्ने समय र स्थानः**

(क) नगरपालिकाद्वारा फोहर मैला सङ्कलन गरी बिसर्जन गर्ने स्थानमा लानको लागि सरसफाई शाखाबाट समय तालिका र स्थान तोकिएको छ । श्रोत र साधनको उपलब्धता तथा जनशक्ति व्यवस्थापनको अवस्था र स्थानीय स्तरको माग र औचित्यलाई आधार मानी यो तालिका समय समयमा परिमार्जन गरिने छ ।

(ख) माथि ५.२ (क) मा तोकिए बमोजिम समय र स्थानमा फोहोर उठाउने साधन नआएसम्म स्वयं घरधनी वा पसल कवल धनीले फोहोरको पृथकीकरण गरी घर भित्र वा सटर भित्र व्यवस्थापन गरी राख्नु पर्नेछ ।

(ग) माथि उल्लेखित समय र स्थान तोकी फोहोर सङ्कलन गर्न आव्हान गरे तापनि कुनै कारणवस सरसफाई साधन बिग्रन गएमा, मर्मत गर्नुपर्ने भएमा सोको सूचना नगरपालिकाले गर्नुपर्नेछ । सो अवधिसम्म फोहोर व्यवस्थापन गर्ने दायित्व सम्बन्धित सरोकारवालाहरुको हुनेछ ।

६.    ऐनको    अनुसूची १

(दफा ५.२ सँग सम्बन्धित)

सरसफाई समय तालिका

(सरसफाई समय तालिका समय समयमा परिवर्तन हुने भएकोले सम्बन्धित शाखामा तयार गरी टाँस गरिनेछ । जसमा ट्याक्टरको नम्बर, चालकको नाम, कुचीकारको नाम, बार, समय फोहोर उठाउने स्थान आदि उल्लेख गरिने छ)

**भन्ने प्रावधान रहेकोमा सो हटाइएको ।**

आज्ञाले

डिल्लीराम सिग्देल

प्रमुख प्रशासकीय अधिकृत